फो.नं.०९१- ५६०११८
५६०८९६
दमकल ५६०४९९

# टीकापुर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## टीकापुर, कैलाली, ७ नं. प्रदेश नेपाल

## सटर, हाटबजार, घाट, बसपार्क आदिको ठेक्का सम्बन्धी सूचना

**(कार्यालयमा प्रथम पटक प्रकाशित मिति :- २०७५।०३।०७ गते)**

यस टीकापुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालयको मातहतमा रहेको देहायका सपिङ्ग कम्प्लेक्स भवनको सटरहरु, घाट, बसपार्क र पशु हाट बजार आगामी आ.व.२०७५/७६ का लागि बढाबढ प्रक्रियाद्वारा ठेक्कामा लगाउनुपर्ने भएकोले ईच्छुक व्यक्ति/फर्महरुले तपसिलमा उल्लेखित शर्तहरुको अधिनमा रही रितपूर्वक सिलबन्दी प्रस्ताव पेश गर्नका लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल :**

| सि. नं. | सूचना नं. | सपिङ्ग कम्लेक्स भवन | ठेगाना | न्यूनतम ठेक्का रकम | न्यूनतम ठेक्का रकम | बोलपत्र फाराम दस्तुर | अवधि | धरौटी रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | १/२०७४/७५ | नगर कार्यपालिकाको कार्यालयको कम्पाउण्ड भित्रको नव निर्मित सपिङ्ग कम्प्लेक्स भवन | टी.न.पा. वडा नं. १ (सटर नं.१ देखि ६) | एकमुष्ट लिएमा न्यूनतम मासिक भाडादर प्रति सटर रु.८,०००।- | एउटा मात्र सटर लिएमा न्यूनतम मासिक भाडादर प्रति सटर रु.१०,०००।- | १,०००।- | २ वर्ष | प्रति सटर रु.३,०००।- | १.सटर नं.र सपिङ्ग कम्प्लेक्स भवन स्पष्ट खुलाउने २. सटरको भाडा र धरौटी वापत ६ महिनाको रकम अग्रिम बुझाउनुपर्ने |
| २ | २/२०७४/७५ | टीकापुर नगरपालिका, ७ नं.वडा कार्यालय, सत्ती | टी.न.पा.७ (सटर नं.१ देखि ४) | एकमुष्ट लिएमा न्यूनतम मासिक भाडादर प्रति सटर रु.२,५००।- | एउटा मात्र सटर लिएमा न्यूनतम मासिक भाडादर प्रति सटर रु.३,०००।- | १,०००।- | २ वर्ष | प्रति सटर रु.३,०००।- | |
| ३ | ३/२०७४/७५ | सपिङ्ग कम्प्लेक्स भवन नं.१ देखि ४ | सटर नं.१ देखि २८ | एकमुष्ट लिएमा न्यूनतम मासिक भाडादर प्रति सटर रु.८,०००।- | एउटा मात्र सटर लिएमा न्यूनतम मासिक भाडादर प्रति सटर रु.१०,०००।- | | | | |
| ४ | ०४/०७४/७५ | टीकापुर बसपार्क ठेक्का | टी.न.पा.१/ ११ र ३० दुबै बसपार्क | २,२५,०००।- प्रतिवर्ष | | | १ वर्ष | कबोल अंकको ५% | काउन्टरको भाडा र पार्किंग शुल्क सहित |
| ५ | ०५/०७४/७५ | सत्ती बसपार्क | टी.न.पा.७ | ७५,०००।- प्रतिवर्ष | | | १ वर्ष | कबोल अंकको ५% | |
| ६ | ०६/०७४/७५ | दौलतपुर घाट उत्तराही | टी.न.पा.५ | ४,४१,३००।- प्रतिवर्ष | | | १ वर्ष | कबोल अंकको ५% | |
| ७ | ०७/०७४/७५ | टिउनी सनकट्टी घाट उत्तराही | टी.न.पा.२ | ९,४७,१००।- प्रतिवर्ष | | | १ वर्ष | कबोल अंकको ५% | |
| ८ | ०८/०७४/७५ | विज्ञापन कर | नगर क्षेत्रभित्र | १,१०,०००।- प्रतिवर्ष | | | २ वर्ष | कबोल अंकको ५% | |
| ९. | ०९/०७४/७५ | पशु हाट बजार | टी.न.पा.१ | २,००,०००।- | | | १ वर्ष | | चौपाया खरिद बिक्री शुल्क |

क्रमशः

**शर्तहरु :**

१. इच्छुक प्रस्तावकर्ताले लिखित निवेदन सहित सूचना प्रकाशित भएको मितिले १५ औं दिन (मिति २०७५।०३।२२ गते) कार्यालय समय सम्म यस कार्यालयको राजश्व शाखाबाट खरिद फराम खरिद गरी १६ औं दिन (मिति २०७५।०३।२२ गते) दिनको १२:०० बजे सम्म टीकापुर नगर कार्यपालिको कार्यालयमा दर्ता गर्नुपर्ने छ । उक्त सिलबन्दी प्रस्तावहरु सोही दिन दिनको २:०० बजे देखि प्रस्तावकर्ता र टीकापुर स्थित सरकारी कार्यालयका प्रतिनिधिहरुको रोहवरमा टीकापुर नगर कार्यपालिकाको कार्यालयमा खोलिने छ । प्रस्तावकर्ता वा निजको प्रतिनिधि उपस्थित नभए पनि शिलबन्दी प्रस्ताव खोल्न बाधा पर्ने छैन ।

२. सिलबन्दी प्रस्ताव फाराम दाखिला गर्ने र खोल्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएको खण्डमा त्यसको लगत्तै कार्यालय खोलिने दिन सिलबन्दी प्रस्ताव दाखिला गर्न र खोल्न सकिनेछ ।

३. फाराम लिंदा व्यक्तिको हकमा नेपाली नागरिकता प्रमाण पत्रको प्रमाणित प्रतिलिपी र फर्मको हकमा प्रोपाईटरको नेपाली नागरिकताको प्रमाण पत्रको प्रमाणित प्रतिलिपी, फर्म दर्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपी तथा आ.व.२०७३/७४ सम्मको कर चुक्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपी र स्थानीय तहमा दर्ता तथा नविकरण भएको व्यवसाय प्रमाण पत्रको प्रमाणित प्रतिलिपी अनिवार्य रुपमा पेश गर्नु पर्नेछ साथै नगरपालिकालाई तिर्नुपर्ने सम्पूर्ण कर, दस्तुर बुझाएको हुनुपर्नेछ ।

४. शिलबन्दी फारामको खाम बाहिर यस टीकापुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालयको नाम सम्बोधन गरी सम्बन्धित सूचना नं. र ठेक्काको नाम स्पष्ट रुपमा उल्लेख गरी प्रस्तावहरुको नाम र ठेगाना पनि उल्लेख गर्नुपर्ने छ ।

५. प्रस्ताव कर्ताले पेश गरेको दररेट अंक र अक्षरमा फरक पर्न गएमा अक्षरमा लेखिएकोलाई मान्यता दिइने छ ।

६. सिलबन्दी प्रस्तावको साथमा यस नगर कार्यपालिकाको कार्यालयको नाममा नेपाल बैंक लिमिटेड टीकापुर शाखामा रहेको धरौटी खाता नं. १०७०३००००००००३००००२ मा जम्मा गरेको सक्कल भौचर वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बैंकले जारी गरेको ७५ दिन म्याद भएको विडवण्ड संलग्न गर्नुपर्नेछ ।

७. पेश भएको सिलबन्दी फाराम स्वीकृत गर्ने वा नगर्ने, आंशिक रुपमा स्वीकृत गर्ने वा कुनै पनि कारण जनाई वा नजनाई सूचना नै रद्ध गर्ने सम्पूर्ण अधिकार कार्यालयमा सुरक्षित रहने छ ।

८. किस्ताको हकमा चलन पूर्जी लिनु अगावै कबोल रकम एकमुष्ट बुझाउनु पर्नेछ । साथै उक्त रकममा ५ (पाँच) प्रतिशत छुट दिईनेछ ।

९ . म्याद नाघी आएको रित नपुगेको, शर्त राखिएको सिलबन्दी फाराम उपर कुनै कारवाही गरिने छैन ।

१०. सटरको हकमा सटरमा कुनै प्रकारको हानी नोक्सानी गर्न पाईने छैन, हानी नोक्सानी भएमा त्यसको क्षतिपूर्ती स्वयं बहालवालाले व्यहोर्ने तथा मर्मत संभार गर्नुपर्नेछ । साथै सटरमा होटल र हार्डवेयर (छड र सिमेन्ट) को पसल गर्न पाईने छैन ।

११.सम्बन्धित ठेक्काको रकम संकलन सम्बन्धी दर फाराम खरिद गर्दा उपलब्ध गराईने छ ।

१२.चालू आ.व.को असार मसान्त सम्मका लागि सटर भाडामा लिने संझौता भएका व्यक्ति/फर्महरुले असार मसान्त सम्मको तिर्न बुझाउन बाँकी रकम तिरी -बुझाई नयाँ दर अनुसार नै प्रस्ताव पेश गर्नुपर्नेछ । त्यसरी पेश गर्दा घटि रकम भएका कारण प्रस्ताव स्वीकृत नभएमा आ.व.२०७५/७६ को श्रावण १ देखि सटर खाली गरिदिन पर्नेछ ।

१३. अन्य कुराहरु सम्झौतामा उल्लेख भए बमोजिम र प्रचलित कानुन बमोजिम हुनेछ ।

१४. यस सम्बन्धी थप जानकारी आवश्यक भएमा कार्यालय समयमा राजश्व शाखामा सम्पर्क गरी जानकारी प्राप्त गर्न सकिनेछ ।

बोधार्थ :

श्री सूचना शाखा : website र पत्रिका मा प्रकाशन गरिदिनुहुन र सरकारी कार्यालय तथा वडा कार्यालयमा पठाई दिनु हुन ।

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकिय अधिकृत